# भौतिक पूर्वाधार विकास मन्त्रालय

कर्णाली प्रदेश

## सेवा करारमा लिने सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशित मितिः २०७६।०७।०९)

भौतिक पूर्वाधार विकास मन्त्रालय, कर्णाली प्रदेश र मातहतका कार्यालयहरुको लागी देहाय बमोजिमका तहका पदहरूमा प्राविधिक कर्मचारी सेवा करारमा लिनु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र दिनको २ः०० बजेसम्म दरखास्त दिन हुन सम्वन्धित सवैको लागि यो सूचना प्रकाशन गरिएको छ।

| विज्ञापन नं. | पद | श्रेणी तह | सेवा | समूह/उपसमूह | माग पद संख्या |
|---|---|---|---|---|---|
| ०७६/०७७/१ | इन्जिनियर | सातौं तह | इन्जिनियरिङ | सिभिल/वि. एण्ड आर्क | ४ |
| ०७६/०७७/२ | इन्जिनियर | सातौं तह | इन्जिनियरिङ | सिभिल/जनरल | ८ |
| ०७६/०७७/३ | इन्जिनियर | सातौं तह | इन्जिनियरिङ | सिभिल/स्यानिटरी | २ |
| ०७६/०७७/४ | इन्जिनियर | सातौं तह | इन्जिनियरिङ | मेकानिकल/जनरल | २ |
| ०७६/०७७/५ | सव-इन्जिनियर | पाचौं तह | इन्जिनियरिङ | सिभिल/स्यानिटरी | १० |
| ०७६/०७७/६ | सव-इन्जिनियर | पाचौं तह | इन्जिनियरिङ | सिभिल/जनरल | ९ |
| ०७६/०७७/७ | सव-इन्जिनियर | पाचौं तह | इन्जिनियरिङ | सिभिल/इरिगेसन | १ |
| ०७६/०७७/८ | सव-इन्जिनियर | पाचौं तह | इन्जिनियरिङ | सिभिल/वि. एण्ड आर्क | ८ |
| ०७६/०७७/९ | सव-इन्जिनियर | पाचौं तह | इन्जिनियरिङ | इलेक्ट्रिकल/जनरल | ४ |
| ०७६/०७७/१० | मेकानिकल सुपरभाइजर | पाचौं तह | इन्जिनियरिङ | मेकानिकल/जनरल | ३ |
| ०७६/०७७/११ | सव-इन्जिनियर | पाचौं तह | इन्जिनियरिङ | सिभिल/हाइड्रोपावर | ३ |
| जम्मा | | | | | ५४ |

**शैक्षिक योग्यता र अनुभवः**

१. नेपाली नागरिक भएको हुनुपर्ने।

२. न्यूनतम योग्यताः अधिकृतस्तर सातौंको लागि नेपाल सरकारवाट मान्यता प्राप्त शिक्षण संस्था वा विश्वविद्यालयवाट इन्जिनियरिङ्ग तर्फ सम्बन्धित विषयमा कम्तिमा स्नातक तह (चार वर्षे) र सहायकस्तर पाचौंको लागि मान्यताप्राप्त शिक्षण संस्था वा विश्वविधालयवाट इन्जिनियरिङ्ग तर्फ सम्बन्धित विषयमा डिप्लोमा इन इन्जिनियरिङ्ग (तीन वर्षे) हांसिल गरेको।(विदेशी शिक्षण संस्थाको हकमा समकक्षता पत्र आवश्यक पर्ने)

३. अनुभवः सम्वन्धित क्षेत्रमा अनुभव भएकालाई विशेष प्राथमिकता दिइनेछ।

४. उमेर हदः अधिकृत स्तरका लागि २१ वर्ष र सहायकस्तरको लागि १८ बर्ष उमेर पुरा भएको हुनुपर्ने।

५. व्यवसायिक प्रमाणपत्र (लाईसेन्स): इन्जिनियरको हकमा नेपाल इन्जिनियरिङ्ग परिषदमा अनिवार्य दर्ता भएको हुनुपर्ने।

६. प्रचलित कानुनद्वारा अयोग्य नभएको हुनुपर्ने।

७. दरखास्त दिने विधि र अन्तिम मितिः योग्यता पुगेका इच्छुक उम्मेदवारहरूले vacancy.mopid@gmail.com इमेल ठेगाना मार्फत वा यस मन्त्रालयमा सूचना प्रकाशित भएको मिति देखि मिति २०७६/०७/२३ गते सम्म दिनको २ बजे भित्र दरखास्त पेश गरिसक्नु पर्नेछ। उक्त दिन सार्वजनिक विदा परेमा सो को भोलि पल्ट सम्म दरखास्त दिन सकिनेछ। दरखास्त फारम यस मन्त्रालयको प्रशासन शाखा का साथै मन्त्रालयको website:- www.mopid.karnali.gov.np बाट प्राप्त गर्न सकिनेछ।

८. दरखास्तमा संलग्न गर्नुपर्ने कागजातहरुः उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रतिलिपि, उम्मेदारको २ प्रति पासपोर्ट साइजको फोटो, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि तथा नेपाल इन्जिनियरिङ्ग परिषदमा दर्ता भएको प्रमाण पत्र प्रतिलिपि साथ दर खास्त पेश गर्नुपर्नेछ।

९. कार्यविधि बमोजिम हुनेः सेवा करारमा छनौटको प्रकृया, योग्यता, पारिश्रमिक तथा सेवाका शर्तहरू सेवा करारमा प्राविधिक जनशक्ति छनौट कार्यविधि, २०७६ बमोजिम हुनेछ।